प्रदेश सरकार

# आन्तरिक मामिला मन्त्रालय

गण्डकी प्रदेश

पोखरा, नेपाल

प्रदेश सरकार आन्तरिक मामिला मन्त्रालय गण्डकी प्रदेश पोखरा, नेपाल

मितिः २०७९।१०।०३

**<u>प्रेस विज्ञप्ति</u>**

मिति २०७९ माघ ०१ गते आइतबार त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलबाट बिहान १०:३० बजे ६८ जना नेपाली यात्रु र ४ जना चालक दलका सदस्य सहित जम्मा ७२ जना सवार यति एयरलाईन्सको 9N-ANC कलसाईन को विमान त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल, काठमाडौंबाट पोखराको लागि उडेकोमा पोखरा अन्तराष्ट्रिय विमानस्थलमा अवतरण गर्ने क्रममा पोखरा महानगरपालिका वडा नं. ७ र १५ को बीचमा रहेको सेती नदीको खोंचमा दुर्घटनाग्रस्त भएको घटनामा गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री एवं आन्तरिक मामिला मन्त्री तथा प्रदेश सुरक्षा समन्वय समितिका अध्यक्ष माननीय खगराज अधिकारीज्यूको अध्यक्षतामा मिति २०७९।१०।०१ र ऐ. २ गते बसेको बैठकबाट खोज तथा उद्दार, शव व्यवस्थापन तथा परीक्षण कार्य एवं पहिचान भएका शवहरु आफन्तहरुलाई बुझाउने तथा पहिचान नभएका शवहरु थप परीक्षणका लागि काठमाडौं पठाउने कार्य यथाशिघ्र गर्ने सम्बन्धमा निर्णय भएको छ ।

उक्त दुर्घटना सम्बन्धमा हालसम्मको अद्यावधिक विवरण निम्नानुसार रहेको व्यहोरा जानकारी गराउँदछौं ।

**<u>निम्नः</u>**

क) विमानमा सवार ७२ जना मध्ये हालसम्म ७० जनाको शव फेला परेको,

ख) हराईरहेका २ जनाको खोज तथा उद्दार कार्य जारी रहेको,

ग) हालसम्म ४७ जनाको शव पहिचान भएको,

घ) नेपाली सेनाको Sky Truck द्वारा थप परीक्षणको लागि ४८ वटा शवहरु काठमाडौं लैजाने तयारी भएको,

ङ) ३ वटा शव मृतकका आफन्तहरुलाई बुझाईएको,

च) राष्ट्रिय शव परीक्षण समितिद्वारा पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा शव पहिचान तथा पोष्टमार्टमको कार्य भईरहेको ।

यस दुखद घटनामा खोज तथा उद्दार, शव परीक्षण तथा व्यवस्थापन, शव बुझाउने तथा थप परीक्षण गर्नुपर्ने शवहरु काठमाडौं पठाउने कार्य भईरहेको हुँदा मृततका परिवार तथा आफन्तहरुलाई धैर्य धारण गरिदिनुहुन अनुरोध गर्दछौं ।

२०७९।१०।३

.............................

यामप्रसाद सुवेदी

प्रवक्ता/उपसचिव